# राष्ट्रिय सूचना आयोग

## काठमाडौं

पत्र संख्या ०८२/८३

च. नं. ..................

०१-४५९६५४४

मिति २०८२।११।१७

**प्रेस वक्तव्य**

मध्य पूर्वका मुलुकमा हालै विकसित ध्वंशात्मक घटनाप्रति राष्ट्रिय सूचना आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। नेपाली नागरिकहरुको रोजगारीको गन्तव्य बनेका ती मुलुकमा आकस्मिक रुपमा उत्पन्न परिस्थितिले हाम्रा नागरिकको सुरक्षामा गम्भीर प्रभाव परेको छ। यो विषम परिस्थितिमा त्यहाँ रहेका सबै नेपालीलाई आत्मसुरक्षाका लागि आयोग आह्वान गर्दछ। साथै त्यस क्षेत्रमा रहेका नेपाली नागरिकको सुरक्षाका लागि कूटनीतिक पहल गरी सुरक्षाको प्रत्याभूत गराउन नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ।

ती क्षेत्रमा रहेका नेपाली दूतावासहरुलाई नेपाली नागरिकमा सुरक्षा प्रत्याभूत हुने गरी तत्काल सूचना प्रवाह गर्ने व्यवस्था मिलाउन आह्वान गर्दै यसका लागि आवश्यक निर्देशन दिन समेत सरकारको ध्यानाकर्षण गराउँछ। नेपाली नागरिक सुरक्षित रहेको सन्देश अभिभावकसम्म निरन्तर पुऱ्याउन सूचना प्रवाहको व्यवस्था मिलाउन पनि आयोग सरकार एवम् सम्वद्ध सबै पक्षमा हार्दिक अनुरोध गर्दछ।

गगन विष्ट

सूचना आयुक्त एवम् प्रवक्ता